दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | |
|---|---|
| **बर्ष : ५** | **प्रमाणीकरण मिति : २०७८/१२/०५** |
| **संख्या : ५** | **प्रकाशन मिति : २०७८/१२/२४** |

## भाग : १

## २०७७ सालको ऐन संख्या : ३

## स्थानीय उद्योग प्रवर्द्धन ऐन, २०७८

प्रस्तावना : स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(५) बमोजिम स्थानीय तहको लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, बिकास प्रवर्द्धन र ब्यबस्थापन गर्न उक्त ऐनको दफा १०२ को अधिकार प्रयोग गरी दमक नगरपालिका नगर सभाले यो ऐन जारी गरेको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"स्थानीय उद्योग प्रवर्द्धन ऐन,२०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले दमक नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"कार्यालय"** भन्नाले दमक नगरपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(च) **"स्थानीय उद्योग"** भन्नाले प्रचलित कानून बमोजिम स्थानीय तहले दर्ता, ब्यबस्थापन र नियमन गर्ने उद्योगलाई बुझाउँछ ।

(छ) **"उद्योग नियमन शाखा"** भन्नाले नगरपालिकाको स्थानीय उद्योग सम्बन्धी बिषय हेर्ने शाखा वा एकाइलाई सम्झनु पर्दछ ।

(ज) **"वातावरणीय अध्ययन प्रतिबेदन"** भन्नाले कुनै प्रस्तावको कार्यन्वयन गर्दा सो प्रस्तावले वाताबरणमा पार्ने प्रतिकुल प्रभाबलाई निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरिने उपाय सम्बन्धमा बिस्तृत रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनु पर्दछ ।

(झ) **"रुग्ण उद्योग"** भन्नाले प्रचलित कानूनले रुग्ण अवस्थामा पुगेको भनी ठहऱ्याका उद्योगहरु सम्झनु पर्दछ ।

(ञ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिको बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## स्थानीय उद्योग दर्ता र अनुमतिपत्र

३. **उद्योग दर्ता** : (१) नगरक्षेत्र भित्र कुनै पनि उद्योग दर्ता नगरी सञ्चालन गर्न पाईने छैन ।

(२) उद्योग दर्ताका लागि **अनुसूची-१** बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) दफा २ बमोजिमको प्राप्त निवेदन उपर आवश्यक जाचबुझ गर्न देहाय अनुसारको समिति गठने हुनेछ ।

| | |
|---|---|
| क. संयोजक | नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य |
| ख. सदस्य | आर्थिक विकाससमितिका संयोजक |
| ग. सदस्य | सम्बन्धित वडाको वडाध्यक्ष |
| घ. सदस्य | जिल्ला घरेलु तथा साना उद्योगको प्रतिनिधि एक जना |
| ङ. सदस्य सचिब | वातावरण अधिकृत |

(४) उपदफा ३ बमोजिको समितिले १० दिन भित्र नगरपालिका समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(५) उपदफा ४ बमोजिमको प्रतिवेदन प्राप्त भए पश्चात नगर कार्यपालिकाले उद्योग दर्ता सम्बन्धी निर्णय गर्नेछ ।

(६) उपदफा ५ बमोजिम निर्णय भएपछि प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची-२** बमोजिम प्रमाण पत्र दिनेछ ।

(७) अनुमति पाएको मितिले १ वर्षभित्र उद्योग सञ्चालन गर्नु पर्नेछ।

४. **सञ्चालन अवधि थप सम्वन्धी व्यवस्था** : (१) दफा २ को उपदफा ७ बमोजिमको समयावधिभित्र उद्योग सञ्चालन गर्न नसकी अबधि बढाउनुपर्ने भएमा आधार र कारण सहित नगरपालिकामा निबेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन उपर आवश्यक जाचवुझ गरी नगरपालिकाले उपयुक्त ठानेमा वढीमा अर्को एक वर्षको अवधी थप गर्न सक्नेछ ।

(३) उपदफा २ बमोजिमको अवधीभित्र उद्योग सचालन गर्न नसकेमा अनुमति पत्र स्वत खारेज हुनेछ ।

(४) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अबधिभित्र उद्योग संचालन वा आफ्नो ब्यबसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

## परिच्छेद - ३
## उद्योगको बर्गीकरण

५. **उद्योगको बर्गीकरण :-** यस ऐनको प्रयोजनका लागि स्थानीय उद्योगलाई देहाय बमोजिम बर्गीकरण गरिएको छ :

(१) लघु उद्यम :- (क) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैंयाँसम्मको स्थिर पुँजी रहेको,

(ख) उद्यमी स्वयम् उद्योगको संचालन र ब्यबस्थापनमा संलग्न रहेको,

(ग) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(घ) बार्षिक कारोबार पचास लाख रुपैंया भन्दा कम रहेको,

(ङ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विधुतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको ।

(२) घरेलु उद्योग :- (क) परम्परागत सीप र प्रविधिमा आधारित,

(ख) श्रममूलक, खास सीप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रबिधि, कला तथा संस्कृतिमा आधारित,

(ग) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको,

(घ) **अनुसूची-३** मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(३) साना उद्योग : (क) लघु उधम र घरेलु उद्योग बाहेकको दश करोड रुपैँयासम्म स्थिर पुँजी भएको उद्योग,

(ख) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगबात उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गिकरण गरिनेछ :-

(१) उर्जामूलक उद्योग :- उर्जा उत्पादन गर्ने ब्यबसायमा संलग्न **अनुसूची-४** मा उल्लिखित उद्योगहरु ।

(२) उत्पादनमूलक उद्योग :- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालबस्तु उत्पादन गर्ने उद्योगहरु ।

(३) कृषि तथा वन पैदावारमा आधारित उद्योगः- कृषि वा बन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने कृषि वा वन पैदावारसंग सम्बन्धित **अनुसूची-५** मा उल्लिखित उद्योगहरु ।

(४) खनिज उद्योगहरु :- ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य र खनिज पदार्थ उत्खनन् वा प्रसोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

(५) पर्यटन उद्योग :- पर्यटन सेवासँग सम्बन्धित **अनुसूची-६** मा उल्लिखित उद्योगहरु ।

(६) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग :- सूचना संकलन प्रशोधन र प्रसारणका लागि प्रबिधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने **अनुसूची-७** मा उल्लिखित उद्योगहरु ।

(७) सेवामूलक उद्योग :- सेवा उत्पादन प्रदान गर्ने **अनुसूची-८** मा उल्लिखित उद्योगहरु

**६. गुणस्तर तथा मापदण्ड सम्वन्धी व्यवस्था** : गुणस्तर तथा मापदण्ड सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) खाध्य पदार्थको हकमा :- १. उत्पादन मिति, उपभोग्य मिति, मिसावट गरिएका पदार्थहरुको विवरण प्रष्ट देखिने गरी उल्लेख भएको हुनु पर्नेछ।

२. प्रचलित कानून बमोजिम गुणस्तर तथा मापदण्ड भएको प्याकेजिङ हुनु पर्नेछ ।

३. प्रयोगशाला परीक्षण गराई खान योग्य प्रमाणित भएको हुनु पर्नेछ ।

४. गुणस्तर सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनु पर्नेछ ।

(ख) खाध्य पदार्थ बाहेकका बस्तु तथा सेवाको हकमाः- प्रचलित कानून र नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**७. अनुगमन :** (१) उद्योगको प्रबन्धपत्रमा उल्लेख भए अनुसार काम भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नेछ ।

(२) अनुगमन कर्ताले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तब्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या देखिएमा नगरपालिकाले सुधारका लागि निर्देशन दिनेछ ।

(५) यस दफा बमोजिम अनुगमन गर्दा यस ऐन तथा प्रचलित कानून विपरित काम कारवाही गरेको पाईएमा नगरपालिकाले कारवाहीको प्रक्रिया अघि वढाउने छ ।

८. **नामसारी र ठाउँसारी** : (१) उद्योगको नामसारी वा ठाउँसारी गर्नु पर्ने भएमा देहायका विवरण र कागज सहित नगरपालिकामा निबेदन दिनु पर्नेछ

(क) उद्योग दर्ताका लागि तोकिएका अवश्यक कागजपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ता र लेखापरीक्षण प्रतिबेदन,

(ग) उद्योगको नामसारी र ठाउँसारीका लागि सम्बन्धित वडाको सिफारिस,

(घ) प्रारम्भिक वाताबरण परिक्षण वा वातावरणीय प्रभाब मूल्याङ्कन प्रतिबेदन,

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त हुन् आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निबेदन जाँचबुझ गर्दा नामसारी र ठाउँसारीको स्वीकृति दिन मनासिब नदेखिएमा सोको जानकारी सात दिनभित्र निबेदकलाई दिनु पर्नेछ ।

(४) उद्योग नामसारी र ठाउँसारी सम्बन्धी अन्य व्यबस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

९. **वातावरणमा प्रतिकूल असरको निराकरण** : (१) उद्योग सञ्चालनका क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

(२) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा नगरपालिकाले दिएको निर्देशन पालना गर्ने दायित्व सम्बन्धित उद्योगको हुनेछ ।

१०. **उद्योगको दर्ता खारेजी** - (१) कुनै उद्योगले तोकिएको अवधी भित्र उद्योग संचालन नगरेमा वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता खारेज भएमा नगरपालिकाले कारण खुलाई खारेज भएको व्यहोरा जानकारी दिनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**११. विवरण उपलब्ध गराउनुपर्ने :** (१) प्रत्येक उद्योगले ब्यबसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र नगरपालिका समक्ष पेस गर्नु पर्नेछ :

(क) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) **अनुसूची ९** बमोजिमको ढाँचामा तयार गरेको वार्षिक विवरण ।

(२) उपदफा (१) बमोजिम पेस गर्नुपर्ने विवरण विधुतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि नगरपालिकाले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

**१२. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने** : (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र नगरपालिकामा त्यसको जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई बन्द गर्नु परेमा नगरपालिका समक्ष देहाय बमोजिमका कागजात सहित निबेदन दिनु पर्नेछ :

(क) मान्यता प्राप्त मूल्यांकन कर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मुल्यांकन प्रतिबेदन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिबेदन,

(घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेस गरको उद्योगको खारेजी सम्बन्धी प्रतिबेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिबेदन,

(ज) उद्योगको बिरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्वः घोषणा ।

(झ) उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्धाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम नगरपालिकामा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कसैको निबेदन परेमा नगरपालिकाले दैनिक पत्रिकामा लेनदेन बाँकी भए सो को प्रमाण सहित ३५ दिन भित्र लिखित दावी गर्न सार्वजनिक सूचना जारी गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचनाको अवधीभित्र कसैको दावी परी जाँचबुझ गर्दा त्यस्तो दावी पूर्ण वा आंशिक रुपमा सही ठहरेमा सो बमोजिमको दायित्व फरफारख गर्न नगरपालिकाले सम्बन्धित उद्योगलाई आदेश दिनेछ ।

(५) उपदफा (४) बमोजिम नगरपालिकाले दिएको आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फराफारख गर्नुपर्नेछ र दायित्व फरफारख गरेको मितिले सात दिन भित्र नगर कार्यपालिकाले सो उद्योग दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले दिएको आदेश बमोजिम फरफारख गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

१३. **उद्योगको स्थिर पूँजी वा क्षमता परिवर्तन वा हेरफेर गर्न स्वीकृति लिनुपर्ने** : (१) कुनै उद्योगले यस ऐन बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर वा उद्योगको क्षमतामा परिवर्तन गर्न चाहेमा नगरपालिका समक्ष

देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निबेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिबेदन,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आबस्यक पर्ने भए त्यस्तो निकायको सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निबेदन जाँचबुझ गर्दा उद्योगको साविकको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमता परिवर्तन वा हेरफेर गर्न मनासिब देखिएमा नगरपालिकाले आबस्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरी वा गराई प्रतिबेदन लिई उद्योगको हाल कायम रहेको स्थिर पूँजीमा परिवर्तन वा हेरफेर वा उद्योगको क्षमता परिवर्तन वा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-४

## उद्योगलाई प्रदान गरिने छुट, सुबिधा वा सहुलियत सम्बन्धी ब्यबस्था

१४. **कर सम्बन्धी छुट, सुबिधा वा सहुलियत** : (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघीय कानून बमोजिम हुने छुट, सुबिधा वा सहुलियत सोही बमोजिम हुनेछ ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई नगरपालिकाले थप छुट, सुबिधा वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) को अतिरिक्त देहायका थप छुट, सुबिधा वा सहुलियत उपलब्ध गराइनेछ;

(क) बिस वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा संचार प्रबिधि उद्योगलाई सो वर्षको ब्यबसायमा लाग्ने करको चालिस प्रतिशत (४०%),

(ख) २५ वा सो भन्दा बढी स्थानीय नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योग, सूचना तथा सञ्चार प्रबिधि उद्योगलाई सो वर्षको व्यवसायमा लाग्ने करको तिस प्रतिशत (३०%),

(ग) उपखण्ड (१) वा (२) बमोजिम रोजगारीप्राप्त स्थानीय नागरिकमध्ये कम्तिमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उद्योगलाई सो वर्षको ब्यबसाय कर मा थप बिस प्रतिशत, (२०%)

(घ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, सिमान्तकृत उधमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ र तिन बर्ष सम्म ब्यबसाय करमा पन्ध्र प्रतिशत (१५%),

(ङ) "ग" श्रेणीसम्मका अपाङ्गता भएका व्यक्तिहरुद्वारा मात्र सञ्चालित उद्योगको हकमा दर्ता शुल्कमा पचास प्रतिशत र व्यवसाय करमा शत प्रतिशत (१००%),

(च) नगरपालिकाले तोकेको भौगोलिक क्षेत्र वा वर्गीकृत उद्योगहरु क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बिउ पूँजी (सिड क्यापिटल) को रुपमा नगरपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(छ) यो दफा बमोजिम पाउने छुट, सुविधा वा सहुलियत यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएका उद्योगको हकमा उद्योग

सञ्चालन भएपछि र साविकमा दर्ता भई सञ्चालन भएका उद्योगको हकमा ऐन जारी भएको मितिदेखि लागू हुनेछ ।

(ज) यस ऐन अन्तर्गत स्थापित टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रबिधि पार्कभित्र स्थापित सफ्टवेयर बिकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी उद्योगलाई तीन बर्ष सम्म ब्यबसाय कर पचास प्रतिशत (५०%) छुट पाउनेछ ।

(झ) स्थानीय उद्योगले पाउने अन्य छुट, सुबिधा र सहुलियत नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१५. **लघु उधमका लागि अन्य सुबिधा तथा सहुलियत** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

१६. **जग्गा सम्बन्धी ब्यबस्था** : यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवस्यक जग्गा सम्बन्धित उधमीले प्रचलित कानून बमोजिम आफैले व्यवस्था गर्नु पर्नेछ तर तोकिए बमोजिमको उद्योग संचालन गर्ने उद्यमीले उद्योगका लागि आवस्यक जग्गा व्यवस्था गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा व्यवस्थाका लागि अनुरोध गरेमा नगरपालिकाले आवश्यक समन्वय वा सहजिकरण गर्न सक्नेछ ।

१७. **लिजमा जग्गा उपलब्ध गराउने** : (१) राष्ट्रिय वा स्थानीय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवस्यक पर्ने भएमा त्यस्ता उद्योगले आफुलाई आवस्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले उद्योगलाई आवस्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडी बढाउन सम्बन्धित निकायम पहल गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) जग्गा लिजमा लिने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **छुट, सुबिधा वा सहुलियतको प्रत्याभूति** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई संचालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुबिधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै ब्यबस्था गरिने छैन ।

(२) यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुबिधा वा सहुलियत जुन प्रयोजनका लागि दिईएको हो सो प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

१९. **औधोगिक सुरक्षा सम्बन्धी ब्यबस्था :** प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगका लागि आवस्यकता अनुसार औधोगिक सुरक्षाको अतिरिक्त स्थानीय स्तरमा सुरक्षित संचालनको वातावरण बनाई राख्न नगरपालिकाले आवस्यक सहयोग, समन्वय वा सहजीकरण गरिनेछ ।

## परिच्छेद-५

## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी ब्यबस्था

२०. **एकल बिन्दु सेवा केन्द्र स्थापना** : (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुबिधा वा सहुलियत र उद्योगका लागि आवस्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना नभएसम्मका लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुबिधा वा सहुलियत नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-६

## स्थानीय उद्योग प्रबर्द्धन समिति

२१. **स्थानीय उद्योग प्रबर्द्धन समितिको गठन** :- (१) नगरपालिकाले देहायका निकाय र सरोकारवालाको प्रतिनिधित्व हुने गरी स्थानीय उद्योग प्रबर्द्धन समिति गठन गर्नेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - उपाध्यक्ष

(ग) नगर सभा वा कार्यपालिका सदस्य मध्येबाट नगर कार्यपालिकाद्वारा मनोनीत एक जना महिला सहितबढीमा दुई जना - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि - सदस्य

(घ) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको एक जना महिला सहित वढीमा दुई जना - सदस्य

(ङ) जिल्ला घरेलु कार्यालयको प्रमुख वा अधिकृत स्तरको कर्मचारी - सदस्य

(च) उपभोक्ता हक हित सम्बन्धी कार्य गर्ने स्थानीय संघ सस्थाहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना - सदस्य

(छ) स्थानीय उद्योग व्यवसायी मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ज) स्थानीय उद्योग सम्बन्धी कार्य गर्ने शाखा प्रमुख - सदस्य सचिब

(२) उपदफा (१) बमोजिम गठित समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको पूर्व स्वीकृती लिई उपाध्यक्षले समितिको वैठक वोलाउन सक्नेछ ।

(४) बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले बैठकमा आवस्यकता अनुसार बिषय बिज्ञ, सरोकारवाला निकाय एवम् सम्बद् उद्योग ब्यबसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

२२. **स्थानीय उद्योग प्रवर्द्धन समितिको काम, कर्तब्य र अधिकार** : (१) दफा २१ बमोजिम गठन भएको स्थानीय उद्योग प्रवर्द्धन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको औधोगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औधोगीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा दुबिधा उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उद्योगको विकास र प्रबर्द्धनका लागि नीति तयार गर्ने,

(घ) औधोगिक प्रदूषण न्यूनीकरणका लागि आवस्यक पहल गर्ने,

(ङ) नगरको औधोगिक बिकासको समग्र स्थितिको मूल्यांकन तथा समीक्षा गरी नगरपालिका समक्ष सुझाब तथा सिफारिस गर्ने,

(च) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुबिधा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाइ आईपरेमा सोको निराकरणका लागि आबस्यक पहल गर्ने,

(छ) उद्योगीहरुको समस्या समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) नगरको एकीकृत औधोगिक सूचना ब्यबस्थापन प्रणालीको विकासका लागि नीति निर्माणमा सहयोग गर्ने,

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी र समन्वयात्मक सहकार्यका लागि प्रतिस्पर्धात्मक औधोगिक वातावरण निर्माण गर्न आवस्यक पहल गर्ने,

(ञ) नगरमा औद्योगिक पूर्वाधारका लागि आवस्यक कार्य गर्ने वा गराउने,

(ट) नगर भित्र औधोगिक ग्राम स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यन्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि आवस्यक सहयोग गर्ने,

(ड) स्थानीय र स्वदेशी बस्तुको उत्पादन र प्रवर्द्धनका लागि आवस्यक पहल गर्ने,

(ढ) उद्योग क्षेत्रको बिकास र प्रवर्द्धन लागि अन्य आवस्यक कार्य गर्ने,

(ण) उद्योग प्रवर्द्धनका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने,

(त) अर्ध वार्षिक रुपमा कार्यपालिका समक्ष प्रतिवेदन पेस गर्ने ।

(थ) नगरमा सञ्चालित उद्योगहरुको अनुगमन र नियमन सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

## परिच्छेद-७

## सजाय र पुनराबेदन सम्बन्धी ब्यबस्था

२३. **सजाय सम्बन्धी ब्यबस्था** : (१) यस ऐन बमोजिम सञ्चालित उद्योगहरुले यो ऐन र प्रचलित कानून विपरित कार्य गरेमा त्यस्तो उद्योग स्थापना वा संचालन गर्ने व्यक्ति, समुह, संस्था वा कम्पनीलाई देहाय बमोजिम कारवाही हुनेछ ।

(क) दर्ता नगरी उद्योग स्थापना वा सञ्चालन गरेमा तीन महिना भित्र नियमानुसार दर्ता गर्न आदेश दिने र सो अवधिभित्र दर्ता नगरेमा उद्योग बन्द गराउने,

(ख) खण्ड (क) बमोजिमको म्याद भित्र उद्योग दर्ता गर्दा लाग्ने शुल्कको शतप्रतिशत जरिवाना लाग्ने छ।

(२) दफा ११ बमोजिम तोकिएको विवरण तोकिएको अबधि भित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक बर्षका लागि देहायका उद्योगलाई देहायको जरिवाना गर्न सक्नेछ।

(क) लघु उधमलाई पांच हजार रुपैंयाको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैंयाको दरले,

(ग) साना उद्योगलाई बिस हजार रुपैंयाको दरले,

(३) यस ऐन बमोजिम संञ्चालित उद्योगले यो ऐन र प्रचलित कानून विपरित कार्य गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(४) यो दफा बमोजिम कुनै उद्योगलाई कारवाही गर्नु परेमा नगरपालिकाले जाचबुझ समिति गठन गरी प्रतिवेदन लिई कारवाहीको प्रक्रिया अघि वढाउने छ।

२४. **पुनराबेदन सम्बन्धी ब्यवस्था** :- दफा २३ बमोजिम नगरपालिकाले गरेको सजाय उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र जिल्ला त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनराबेदन दिन सक्नेछ।

## परिच्छेद-११
## बिबिध

२५. **औधोगिक जनशक्ति** : (१) स्थानीय उद्योगलाई आवश्यक पर्ने जनशक्ति स्थानीय नागरिकबाटै पूर्ति गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योग सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अबरोध पुग्ने गरी बन्द हड्ताल

जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् तर कामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले ब्यबस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(३) उपदफा (२) बमोजिम समझ्दारी हुन नसकी बिबाद उत्पन्न भएमा नगरपालिकाले दुवै पक्षलाई मान्य हुने गरी विवाद समाधान गर्न पहल गर्नेछ ।

२६. **रुग्ण उद्योगको पहिचान, बर्गिकरण र सुबिधा, सहुलियत तथा छुट** : (१) स्थानीय उद्योगलाई रुग्ण अवस्थामा पुगे नपुगेको सम्बन्धमा नगरपालिकाले आवश्यक जाचबुझ गरी ठहर गर्नेछ ।

(२) स्थानीय रुग्ण उद्योगलाई दिईने छुट सुबिधा, सहुलियत वा अनुदान नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) नगरपालिकाबाट रुग्ण उद्योगको रुपमा सुविधा पाउने स्थानीय उद्योगले सो सुविधा प्राप्त गरे पश्चात सो उद्योग अनिवार्य सञ्चालन गर्नु पर्नेछ ।

२७. **करार गरी उत्पादन गर्न सक्ने** : (१) कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सब- कन्ट्रयाक्ट) गरी बस्तु वा सेवाको उत्पादन गर्न सक्नेछ ।

(२) कुनै निर्यात मूलक उद्योग वा निर्यात प्रबर्द्धन गर्नका लागि देहाय बमोजिमको मापदण्ड पूरा गरी करार वा उपकरारका आधारमा निश्चित परिमाणमा बस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई नगरपालिकाले छुट, सुबिधा वा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) नगरपालिकाले तोकेबमोजिम निश्चित परिमाणमा बस्तु वा सेवा उत्पादन गरेको,

(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए लागत मूल्यको कम्तिमा तिस प्रतिशत मूल्य बृद्धि हुने गरी बस्तु वा सेवा उत्पादन गरेको,

(ग) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनका लागि निर्यातमूलक उद्योग वा निर्यात प्रबर्द्धन गृहलाई उपलब्ध गराएको,

(घ) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

२८. **कोष सम्बन्धी ब्यबस्था** : (१) नगरपालिकाले स्थानीय औधोगिक बिकास, प्रबर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवस्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :

(क) लघु, घरेलु तथा साना उद्यम बिकास कोष,

(ख) जोखिम पूँजी कोष,

(ग) प्रबिधि बिकास कोष,

(घ) औधोगिक लगानी संरक्षण तथा प्रबर्द्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुनःनिर्माण तथा ब्यबस्थापन कोष,

(च) महिला उद्यमशिलता कोष ।

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको ब्यबस्थापन र संचालन सम्बन्धी कार्यविधि र अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकामा स्थापना र सञ्चालन भएका कोषहरु यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

२९. **ब्यवसायिक सामाजिक जिम्मेवारी** : स्थानीय उद्योगले पूरा गर्नु पर्ने ब्यवसायिक सामाजिक जिम्मेवारी प्रचलित कानून र नियममा तोके बमोजिम हुनेछ ।

**३०. औधोगिक करिडोर, औधोगिक ग्राम तथा औधोगिक क्लस्टर घोषणा गर्न सक्ने** : औधोगिक बिकासका लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औधोगिक करिडोर, औधोगिक ग्राम तथा औधोगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुबिधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

**३१. बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यन्वयन गर्दा कुनै वाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**३२. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आबस्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**३३. नियम बनाउने अधिकार** : यस ऐनलाई कार्यन्वयन गर्न कार्यपालिकाले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आबस्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

# अनुसूची - १
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## उद्योग दर्ता निवेदन

श्री दमक नगर कार्यपालिकाको कार्यालय
दमक नगरपालिका, झापा

महोदय,

१ नं. प्रेदश, झापा जिल्ला दमक नगरपालिका वडा नं. .................. मा ......................... उद्देश्य रहेको बमोजिमको व्यहोरा र कागजात सहित उद्योग दर्ताको अनुमतिका लागि आवेदन गरेको छु/गरेका छौं। दरखास्तमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहा भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :

हस्ताक्षरः-.........................
नाम,थर.............................
ठेगनाः-...........................
फोन नः-...........................
इमेलः-.............................

विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ता :

| | | |
|---|---|---|
| १ .पुरा नाम थर : | मुलुक : | |
| २. राहदानी नम्बर : | जारी भएको स्थान : | बहाल अबधि : |
| ३. भिसा नम्बर : | जारी गरेको स्थान : | अवधी : |

४. मूल कम्पनीको आधिकारिक पत्रः भए/नभएको : लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ।

५. पत्राचार गर्ने पूरा ठेगनाः-

६. स्थानीय प्रतिनिधिको नाम,थर र ठेगनाः-

७. सम्पर्क फोनः

८. इमेलः

संगलन कागजातहरु

१. परियोजना पस्ताव

२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशीको हकमा राहदानीको प्रतिलिपि)

३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रामाणपत्र (कम्पनि भए)

४. साझेदारी सम्झौताको प्रतिलिपि (साझेदारी फर्म भए),

५. सम्बन्धित निकायको सिफारिस

६. उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य कागजात।

# अनुसूची - २
## (दफा ३ को उपदफा ६ सँग सम्बन्धित )
## उद्योग दर्ता प्रमाण पत्र

दमक नगर कार्यापालिकाको कार्यलय

आ.ब............

## उद्योग दर्ता प्रमाण-पत्र

उद्योग दर्ता न : मिति :.....................

उद्योग व्यवसाय ऐन , २०७८ को दफा ३ को उपदफा ६ बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. उद्योग सञ्चालकको नाम:

२. उद्योगको नाम:

३. उद्योगको ठेगना:

४. उद्योगको उद्देश्य:

५. उद्योगको कुल पुँजी रु:

क) स्थिर पूँजी: ख) चालु पूँजी:

६. उद्योगको वर्ग: उघु उद्यम/ घरेलु उद्योग/ साना उद्योग/ मझौला उद्योग/ ठूला उद्योग

७. उद्योग सञ्चालन हुने सिफ्ट संख्या:

८. आवश्यक विद्युत शक्ति:

९. उद्योग सञ्चालन दिन (प्रति बर्ष)

१०. उद्योगले उत्पादन गर्ने बस्तु वा सेवाको प्रकार

११. आवश्यक पर्ने जनशक्ति:

१२. उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार सुरु गर्न पर्ने अवधि:

१३. उत्पादन क्षमता:

१४. अन्य : ..............................

प्रमाणीत गर्ने अधिकृत

नोट: उद्योगले पालना गर्नु पर्ने शर्तहरु यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ ।

## अनुसूची-३
## (दफा ५ को उपदफा (२) को घ सँग सम्बन्धित)

## घरेलु उद्योग

१. ह्याण्ड लुम, पेडल लुम, सेमी अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाइ (तयारी पोसाक बाहेक ) र बुनाइ,
२. उन र रेसममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पशिमना, पोसाक, हातेकागज र सो मा आधारित बस्तु
३. परम्परागत कलामा आधारित बस्तु,
४. परम्परागत मूर्तिकला
५ .तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन चाँदीबाट हस्तनिर्मित गरगहन, बस्तु, भाँडा वर्तनहरु बहुमुल्य, अर्ध बहुमुल्य तथा साधारण पत्थर जडान भएका समेत),
८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण छालाबाट हस्त निर्मित बस्तुहरु,
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुग्गा कुँदी बनाइएका सामानहरु),
११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने बिभिन्न प्रकारका हस्तकलाका बस्तु,
१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक बस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने इँटा उद्योग

## अनुसूची-४
## (दफा ५ को उपदफा (३) को खण्ड (ख) को१सँग सम्बन्धित )

## ऊर्जामूलक उद्योग

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोग्याँस वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाइन,

३. विद्युत वितरण प्रणाली

## अनुसूची-५
## (दफा ३ को उपदफा ३ को खण्ड ख(३) सँग सम्बन्धित)

### कृषि तथा वन पैदावार उद्योग

१. फलफुल खेती वा फलफुल प्रशोधन,
२. खाद्यवस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन, पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,
४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवम् प्याकेजिंग,
५. रेशम खेती तथा रेशम प्रशोधन,
६. चिया बगान, चिया प्रशोधन,
७. कफी खेती, कफी प्रशोधन,
८. तरकारी बिउ, तरकारी प्रशोधन
९. तरकारी खेती, तरकारी प्रशोधन
१०. हरित गृह स्थापना र सञ्चालन,
११. मौरीपालन ( मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
१२. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत, नर्सरी ब्यबसाय,
१३. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन र शीतभण्डार,
१४. नगदेबाली तथा तरकारीजन्य ब्यवसायिक खेती तथा प्रशोधन
१५. बनस्पति उधान स्थापना र ब्यबस्थापन, बनस्पति प्रजनन् ब्यबसाय( टिस्यु कल्चर समेत), बिउबिजन प्रशोधन,
१६. अन्य गैर कास्ठजन्य बन पैदावारमा आधारित

## अनुसूची-६
## (दफा ५ को उपदफा (३) को खण्ड ५(ख) सँग सम्बन्धित )

### पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज, स्पा,

३. साहसिक पर्यटन :- बाईक राईडिङ्ग, स्किईग, ग्लाईडीङ्ग, ऱ्यापिटङ, हट एअर ब्यालुनिंग, क्यानोनिंग, प्यारा सेलिंग, घोडाचढी, बन्जीजम्पिङ्ग, पर्वत आरोहण र अबलोकन,

४. गल्फ कोर्स, पोलो, पदयात्रा,

५. ग्रामीण पर्यटन; होम स्टे तथा पर्याबरणीय पर्यटन,

६. मनोरञ्जन पार्क,

७. वन्यजन्तु आरक्ष,

७. माउन्टेन फ्लाइट सञ्चालन

## अनुसूची-७
## (दफा ५ को उपदफा (३) को खण्ड ६(ख) सँग सम्बन्धित)

### सूचना सञ्चार प्रबिधिमा आधारित उद्योग

(१) टेक्नोलोजी पार्क,
(२) आइ.टि. पार्क,
(३) बायोटेक पार्क,
(४) सफ्टवेयर बिकास,
(५) कम्प्युटर तथा सम्बन्धित सेवाहरु,
(६) तथ्याङ्क प्रशोधन,
(७) साइबर क्याफे
(८) डिजिटल म्यापिङ
(९) डाटा माइनिङ
(१०) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,
(११) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाइट टेलिभिजन, केबुल टेलिभिजन,
(१२) अनलाइन सेवा
(१३) डिजिटल केबुल टिभी नेटवर्क
(१४) रेकर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,
(१५) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, बिज्ञापन निर्माण उद्योग,
(१६) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण

## अनुसूची-८
## (दफा ५ को उपदफा (३) को खण्ड ७(ख) सँग सम्बन्धित )
## सेवा उत्पादन उद्योग

१. यान्त्रिक कार्याशाला (वर्कशप)
२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन कानूनी लेखा लेखा परिक्षण शिक्षक प्रशिक्षण शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय
५. प्रदर्शनी सेवा
६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
७. निर्माण व्यवसाय,
८. सार्वजनिक यातायत व्यवसाय,
९. फोटोग्राफी
१०. अस्पताल
११. नर्सिङ् होम, क्लिनिक, पोलिक्लिनिक, पुनःस्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल
१२. शारिरिक व्यायाम योग ध्यान तथा अभ्यास केन्द्र संचालन
१३. शिक्षण एवम् प्रशिक्षण संस्था
१४. पुस्तकालय,अधिलेखालय तथा संग्रहालय सेवा
१५. प्रयोगशाला
१६. हवाई यातायात सेवा
१७. खेलकुद सेवा स्वीमिङ्ग पुल
१८. शीत भण्डार संचालन
१९. हाउस वायरिङ्ग इलेक्ट्रीक फिटिङ्ग र मर्मत
२०. फोहोरमैला संकलन तथा सरसफाई, फोहर मैला पुनः प्रशोधन,
२१. घर जग्गा खरिद गरी भुमि विकास गरी बिक्री गर्ने व्यवसाय
२२. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन

२३. पशु चिकित्सा सेवा
२४. ब्याट्री रिचार्जिङ्ग
२५. स्वास्थ्य परिक्षण सेवा तथा स्वास्थय परिक्षण प्रयोगशाला
२६. निर्माण भइसकेका पूर्वाधारहरुको संचालन गर्ने व्यवसायहरु : सभा सम्मेलन भवन, गोदाम घर, बसपार्क, आदी
२७. खाद्यान्न कुटानी ,पिसानी पेलानी र प्याकीङ्ग गर्ने कार्य
२८. कपडा तथा धागो रङ्गाइ साइजिङ्ग र कपडा छपाइ
२९. ढुवानी तथा कार्गो व्यवसाय सेवा
३०. भन्सार एजेण्ट सेवा
३१. ब्युटी पार्लर
३२. इण्टेरियर डेकोरेशन
३३. सुरक्षा सेवा प्रदान
३४. प्रकाशन सेवा
३५. विज्ञापन सेवा
३६. माटो परिक्षण सेवा
३७. पानी प्रशोधन
३८. हेल्थ क्लब
३९. जुलोजिकल,जियोलोजिकल, बायोटिक सम्बन्धी पार्क सञ्चालन
४०. व्यवसाय सम्बर्द्धन सेवा
४१. बिजिनेस कम्पलेक्स
४२. बैदेशिक रोजगार सेवा
४३. अध्ययन अनुसन्धान सेवा
४४. सरसफाइ सेवा
४५. विद्युत व्यापार
४६. मेशिनरी उपकरण भाडामा उपलब्ध गराउने सेवा
४७. पशु चिकित्सक सेवा
४८. क्याटरिङ्ग,फुड कोर्ट घुम्ती खाद्य सेवा
४९. उपकरण मर्मत तथा जडान सेवा
५०. प्याकेजिङ्ग रिफिलिङ्ग सेवा
५१. कुरियर सेवा आदी

## अनुसूची-९
## (दफा ११ को उपदफा (१) को खण्ड घ सँग सम्बन्धित )

## वार्षिक विवरण

१. तपशिल बमोजिबका विषयवस्तु समावेश भएको हुनु पर्नेछ :

क) उद्योग पृष्ठभूमी

ख) उद्योगले गरेका कृयाकलाप

ग) सामाजिक परिक्षण गरेको प्रमाण

घ) मुख्य स्रोतहरु

ङ) उद्योगले गरेका कार्यक्रमको समिक्षा

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**